# गैरआवासीय नेपाली संघ

# छाप, प्रतिक चिन्ह र लेटर हेड प्रयोग सम्बन्धि नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को लोगो र लेटरप्याड प्रयोग सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - ***सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक***

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान २००३ *........................ को दफा ३ मा उल्लेखित गैरआवासीय नेपाली संघको छाप, प्रतिक चिन्ह र लेटर हेडको प्रयोगलाई व्यवस्थित गर्नको लागि दफा १७.६ ले दिएको अधिकार प्रयोग गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यो नियमावली बनाएको छ ।

१. <u>**नाम र प्रारम्भः**</u>

(१) यो नियमावलीको नाम "गैरआवासीय नेपाली संघ **अन्तर्राष्ट्रिय समन्वय परिषद्को लोगो र लेटरप्याड प्रयोग सम्बन्धी नियमावली, २०२१**" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. <u>**परिभाषाः**</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *........................ लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउँनेछ ।

(घ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

(ङ) "**अध्यक्ष**" भन्नाले संघको अध्यक्षलाई जनाउनेछ ।

(च) "**पदाधिकारी**" भन्नाले विधानको दफा ५ को उपदफा ५.१४ मा उल्लेखित पदाधिकारीलाई जनाउनेछ ।

(छ) "**महासचिव**" भन्नाले संघको महासचिवलाई जनाउनेछ ।

(ज) "**छाप**" भन्नाले विधानको अनुसूची-३ मा उल्लेखित *<u>छापलाई</u> जनाउनेछ ।

(झ) *..........

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

(ञ) "**प्रतिक चिन्ह**" भन्नाले विधानको अनुसूची-१ मा उल्लेखित संघको प्रतिक चिन्ह जनाउनेछ ।

(ट) "**लेटर हेड**" भन्नाले *<u>संघको लेटर हेडलाई</u> जनाउनेछ ।

(ठ) "**कार्यकारी प्रमुख**" भन्नाले संघको प्रमुख कार्यकारी अधिकृत वा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी प्राप्त कर्मचारीलाई जनाउनेछ ।

(ड) "**कर्मचारी**" भन्नाले संघका कर्मचारी जनाउनेछ ।

३. <u>**उद्देश्यः**</u>

संघको प्रतिक चिन्ह, *.......... छाप र संघको लेटरहेडलाई मर्यादित र सही प्रयोजन गराउनको लागि यस नियमावलीको उद्देश्य रहेको छ ।

४. <u>**प्रतिक चिन्ह, लोगो र लेटर हेड प्रयोग सम्बन्धि प्रकृयाः**</u>

(१) प्रतिक चिन्ह र छाप अन्तर्राष्ट्रिय समन्वय परिषद्को वेभ साइट, लेटर हेड, पदाधिकारी र कर्मचारीको ईमेल एवं अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको प्रयोजनको लागि प्रयोग गरिनेछ ।

(२) संघ अन्तर्गत गठन भएका कुनै पनि विभाग, समिति उपसमिति र कार्यदलले संघको प्रतिक चिन्ह, *<u>लेटरहेड</u> र छाप प्रयोग गर्नु परेमा *<u>अध्यक्ष वा महासचिव</u>को अनुमति लिनु पर्नेछ । कुनै पनि विभाग, समिति, उपसमिति र कार्यदलले प्रतिक चिन्ह, *<u>लेटरहेड</u> र छापमा परिवर्तन नहुने गरी आवश्यकता अनुसार थप जानकारी मुलक शब्दहरु वा फोटो/तस्बिर थप्न सकिने छ ।

(३) राष्ट्रिय समन्वय परिषदहरुको प्रतिक चिन्ह र छाप संघको छापमा 'NCC-Country Name' थपेर बनाइने छ । राष्ट्रिय समन्वय परिषदहरुले संघबाट औपचारिक अनुवन्धन प्राप्त गरि पछि प्रतिक चिन्ह र छाप प्रयोग गर्ने पाउने छन् ।

(४) प्रतिक चिन्ह र छाप अन्य संघ संस्थाहरुले प्रयोग गर्न चाहेमा त्यसको अनुमति अन्तर्राष्ट्रिय *<u>कार्यकारी सचिवालय</u>ले दिए पछि मात्र प्रयोग गर्न पाउने छ ।

(५) संघको लेटर हेड नेपाल सरकार, सरोकारवाला संघ संस्था, अन्तर्राष्ट्रिय सरकार र संघ, संघ संस्था, सम्झौता, अन्तर्राष्ट्रिय समन्वय परिषद, राष्ट्रिय समन्वय परिषद् पत्राचार, अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकका निर्णयहरु जारी गर्न, सूचना संप्रेषण र जो सँग जे सम्बन्धित छ लगायतका अन्य संघका धारणाहरु प्रकाशन गर्न प्रयोग गरिने छ । राष्ट्रिय समन्वय परिषद्को हकमा राष्ट्रिय समन्वय परिषद्को नियम र कानुन बमोजिम हुनेछ

(६) उपनियम (५) मा उल्लेख भए अनुसारका विषयहरुका लागि संघका अध्यक्ष र महासचिवले लेटरहेड प्रयोग गर्न सक्ने छन् ।

(७) संघको प्रेस वक्तब्य र प्रेस नोट संप्रेषण गर्नको लागि मात्र संघको प्रवक्ताले लेटरहेड *<u>र छाप</u> प्रयोग गर्न पाउने छन् ।

(८) अन्य पदाधिकारीहरुले संघको लेटरहेड *<u>र छाप</u> प्रयोग गर्नु परेमा महासचिव वा अध्यक्षको अनुमति अनिवार्य रुपमा लिनु पर्ने छ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।

(९) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले राष्ट्रिय समन्वय परिषद्को लेटरहेड *र छाप प्रयोग गर्न पाउने छन् । यसको लागि नीजले सदस्यहरुले राष्ट्रिय समन्वय परिषद्का महासचिव वा अध्यक्षको अनुमति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(१०) सचिवालयका कार्यकारी प्रमुखले नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरु अन्तर्राष्ट्रिय समन्वय परिषद र त्यस अन्तर्गत गठन भएका विभाग, समिति उपसमिति र राष्ट्रिय समन्वय परिषद्सँग पत्राचार र सम्झौता गर्नु परेमा *प्रतिक चिन्ह, छाप र लेटरहेड प्रयोग गर्न सक्ने छ ।

(११) सचिवालयका बरिष्ठ अधिकृत तहका कर्मचारीहरु *अन्य कर्मचारीले छाप र लेटर हेड प्रयोग गर्नु परेमा सचिवालयका कार्यकारी प्रमुखको अनुमति लिनु पर्ने छ ।

(१२) यस नियमावली बिपरित काम कारवाही भएको ठहरेमा कारवाही प्रकृया अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले तोकिय बमोजिम हुनेछ ।

(१३) अन्तर्राष्ट्रिय समन्वय परिषद्को मातहतमा रहेका राष्ट्रिय समन्वय परिषद्को प्रतिक चिन्ह र छाप र लेटर हेड प्रयोगको हकमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को नियम र कानुन बमोजिम हुनेछ ।

५. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*५(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

६. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

७. **खारेजी र बचाउः**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्को लोगो र लेटर प्याड प्रयोग सम्बन्धि नियमावली, २०२० खारेज गरिएको छ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्को लोगो र लेटर प्याड प्रयोग सम्बन्धि नियमावली, २०२० बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा थप ।